# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २६ गते २०११ साल

## भाग ४

## खाद्यमन्त्रालयको विज्ञप्ति

व. चा. वि २।३८।०११                    २३-९-०११

सरकारतर्फबाट मोरु १ को ३॥ साढे तीनमाना चामल बिक्री वितरण गर्ने काम यही पौष ५ गतेदेखि काठमाडौंमा दुइ ठाउँमा र पाटनमा १ ठाउँ चालु राखेको सबैलाई विदितै छ। यस बिषयमा पैले पैले पनि बराबर विज्ञप्ति दिंदै यस कुराको सुचना गरेको थियो कि चाँडोनै सरकारबाट भाउ केही घटाउँदै लैजाने कोशिश गर्नेछ। यही पौष १६ गतेदेखि मोरु २ को ७। सवा सात मानाको भाउ भरी पैले बाँडी आएको तीन ठाउँमा बिक्री बितरणको काम भरी नै राख्नेछ र कसो गरे सरकारको भएको सो धानबाट धेरै मात्रामा चामल आई अरु योभन्दा पनि सस्तो मोलमा चामल आउनेछ, त्यस कुराको अध्ययन भरी २।३ दिनभित्र



१६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एक रिपोट पेश गर्नाको लागि खा. म. क. का मु. से. देवीप्रसाद गिरी वीरगञ्ज गै चामलको बजार दर र स्टकको विचार गरी थोरसिङ्ग रोपमा आइपुगेका चामल चाँडो ल्याउन बन्दोबस्त मिलाउनाका लागी समेत खटिनुभएको छ।

यसैले यसै विज्ञप्तिद्वारा जनतालाई अपील गर्दै र चेतावनी दिंदै यो पनि सूचित गरिएको छ कि सबैले आफ्नु दैनिक खर्चको लागी मात्र चामल खरीद गर्ने गर्नु-होला। कसैले पनि यसलाई अनुचित उपयोग गर्ने वा सस्तो मोलमा किनी महँगोमा बिक्री गर्ने गरी लिएको वा बिक्री गर्ने भरेको ठहरे कालो बजार ऐन लागु भै कडा सजायसमेत सहनुपर्नेछ।

सरकारले चाँडो नै बिक्रीको ठाउँ बढाई वा मोटरमा चामल घुमाई टोल टोलमा बिक्री गर्ने पनि प्रबन्ध मिलाउँदै छ। हाल लाइनमा भिलेर लिन नसक्ने, तर किनेर खानुपर्ने इज्जतदार व्यक्तिलाई पनि किन्न आएको खण्डमा राम्रो हिसाबसँग दिलाउने बन्दोबस्त समेत गरिएको छ।

यो चामल बिक्री गर्ने काम सरकारी नियन्त्रणमा बिक्री गरिने हुँदा अड्डा बिदा भएको दिन बिक्री हुनेछैन।

आज्ञाले—
देवीप्रसाद गिरी,
का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

१०० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग